# सुन्दरहरैंचा नगरपालिका
**SUNDARHARAINCHA MUNICIPALITY**
## नगर कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
विराटचौक, मोरङ
**Biratchowk, Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province, Nepal**

सुन्दरहरैंचा नगरपालिका नगरकार्यपालिकाको कार्यालय मोरङ, कोशी प्रदेश, नेपाल २०७३

प.स.०७९/०८०
च.नं.(Ref.No.): ८२४०

मितिः २०८०।०२।३२

**विषयः नदीजन्य पदार्थको मौज्दात (स्टक) विवरण प्रमाणित गर्ने सम्बन्धमा ।**

**श्री व्यक्ति/फर्म/कम्पनी/सप्लायर्स/क्रसर उद्योग (सबै)**
**सुन्दरहरैंचा नगरपालिका मोरङ ।**

प्रस्तुत विषयमा आर्थिक बर्ष २०७९।०८० मा यस नगरपालिका क्षेत्र भित्र विभिन्न स्थानमा स्टक गरीएको नदीजन्य पदार्थको मौज्दात विवरण प्रमाणितका लागि मिति २०८०।०३।०१ देखी ७ दिन भित्र नगरपालिकाको कार्यालयमा तपसिलमा उल्लेखित विवरण सहित निवेदन पेश गर्न हुन सूचित गरिन्छ । प्राप्त हुन आएका निवेदन उपर जाँचबुझ गरी ठेक्का बन्दोबस्तका लागि प्रकाशित सूचनाको शर्त नम्बर १९ बमोजिम स्टक प्रमाणित गरिने हुँदा यस नगरपालिका क्षेत्र भित्र नदीजन्य पदार्थको स्टक राखेका व्यक्ति, फर्म, कम्पनी, सप्लायर्स, क्रसर उद्योगहरूले स्टक प्रमाणितका लागि मिति २०८० आषाढ १ देखी आषाढ ७ गते कार्यालय समय भित्र यस कार्यालयमा निवेदन पेश गर्न हुन समेत सूचित गरिन्छ । तोकिएको समय सिमा भित्र निवेदन पेश नभएका साथै ढुंगा, गिट्टी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ को प्रतिकूल हुने गरी राखिएका स्टकहरूको हकमा सोही मापदण्डको दफा ७ को उपदफा ५ बमोजिम जफत गरी लिलाम विक्री गरीने ब्यहोरा अनुरोध छ ।

**आवश्यक कागजातहरूः**
१. स्टक गरि राखिएको स्थलको जग्गाधनी पूर्जाको प्रतिलीपी ।
२. नदीजन्य पदार्थ खरिद गरिएको ठेकेदार कम्पनीको भ्याट विल ।
३. फर्म भएमा दर्ता, नवीकरण र करचुक्ता प्रमाणपत्रको प्रतिलीपी ।

**बोधार्थः**
१. कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर ।
२. जिल्ला प्रशासन कार्यालय, मोरङ ।
३. जिल्ला समन्वय समिति, मोरङ ।
४. ईलाका प्रहरी कार्यालय, बेलवारी, मोरङ । (मिति २०८० आषाढ १ देखी स्टक प्रमाणित नभए सम्मकालागि खोलाजन्य पदार्थको उत्खनन र विक्रीमा रोक लगाई दिन हुन ।)
५. ससस्त्र प्रहरी बल, सलकपुर ।
६. शुभलक्ष्मी ट्रेड सेन्टर, सुन्दरहरैंचा, ३ ।

२०८०।०२।३२

मचिन्द्र बस्नेत
नि.प्रमुख प्रशासकीय अधिकृत

२०८०।०२।३२
बाबुराम भट्टराई
राजस्व शाखा प्रमुख